परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३३४ पृष्ठ ४ २०८२ असोज १ गते, बुधबार 17 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## आज विश्वकर्मा पूजा, फलामे औजारको पूजाआजा गरिँदै




● टक नेपाल

आज असोज १ गते अर्थात विश्वकर्मा पूजा । हिन्दुहरुले विभिन्न फलामे औजार र कलाकारखानाहरुको पुजा आजा गरेर बिश्वकर्मा पूजा मनाउदै छन ।

आज कलकारखानामा रंगीचंगी पार्नुका साथै बिशेष पूजा पनि गरिन्छ। सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गरे का छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत संभार गर्ने ग्यारे जलगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि बिसर्जन गरे पछि विश्विकर्मा पूजा समापन हुन्छ ।

यो पूजा विशेष गरी मधेशी समुदायले धुमधाम र तामझामका साथ मनाउने गर्दछन् । यसै अवसरमा जनकपुर, महोत्तरीलगायत तराईका विभिन्न जिल्लामा विश्वकर्मा बाबाको भव्य पूजा गरी गरिन्छ ।

फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाइ आजका दिन बिदा पनि दिने चलन छ । आजका दिन आफनो फलामे औजारको पूजा गर्नाले लामो समय सम्म टिक्ने जनबिश्वास छ ।

## मधेश प्रदेशक उद्योग मन्त्री बसन्त कुशवाहाको राजीनामा



मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री ई. बसन्त कुशवाहाले पदबाट राजीनामा दिएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई गत मंगलबार बुझाएको राजीनामा पत्रमा उनले हालको राजनीतिक परिस्थिति र नयाँ पुस्ताको आन्दोलनलाई आत्मसात् गर्दै मन्त्री पदबाट अलग हुने निर्णय गरेको उल्लेख गरेका छन्।तर ,मन्त्री कुशवाहाको पत्र एक हप्तापछि उनले आज राजीनामा पत्र सार्वजनिक गरेका हुन।

'वर्तमान राजनीतिक परिस्थितिले देशलाई अस्थिर बनाएको छ। नयाँ जेन-जी पुस्ताका युवाहरूको आन्दोलन, उनीहरूको माग र भावनालाई आत्मसात् गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संघीयतालाई सुदृढ बनाउन निरन्तर संघर्ष र बलिदानका लागि तत्पर रहने छु,' राजीनामा पत्रमा मन्त्री कुशवाहाले भनेका छन्।

उनले आफू सधैं जनताको सेवामा प्रतिबद्ध रहने उल्लेख गर्दै मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारीबाट अलग भएको जनाएका छन्।

कुशवाहा जनमत पार्टीका नेता हुन्।

## भू-माफियाहरूको षड्यन्त्रको चक्रब्यूहमा फसेको एउटा बेवारिसे घरको कथा

● बिशाल बस्नेत

सिन्धुली सडक खण्डमा आवतजावत गर्दा सडकको दायाँतर्फ एउटा पिलर मात्र ठडिएको घर देखिन्छ । पर्खाल नलगाई एउटा तला ढलान गरिएको यो घरमा चारैतिर झार पलाएको छ । चरम विकटतासँगै बसाइँसराइको कारण वर्षौंदेखि बेवारिसे बनाएको जस्तो देखिने सहरको बीचमा ठडिएको यो अपूर्ण घर देखेपछि जोकोहीका मनमा अनेकौं प्रश्नहरू उब्जन्छन् ।भित्रपट्टी इँटाहरू राखिएको छ, घरको दायाँतर्फका केही पिलरहरू सडेको अवस्थामा छन्, पिलरको चारैतिर बाक्लो लेउ पलाएको छ । पक्की घर बनाउँदा-बनाउँदै बीचमा नै छाडेर कसले बेवारिसे बनाएको होला ?, यसभित्रका बाध्यताहरू के-के होलान् ?

७ वर्षअघि बनाउँदा-बनाउँदै अपुरो छाडिएको यो घरको पूरा कथा थाहा पाउन भने १४ वर्ष अगाडि फर्कनुपर्छ । अव्यवस्थित जग्गामा जग्गा दलालहरूले रातारात नक्कली जग्गाधनी उभ्याएर सक्कली धनीलाई थाहा नै नदिई थातथलो नै गायब बनाइएका उदाहरण यहाँ प्रशस्त छन् । हो यो घर पनि भू-माफियाहरूको षड्यन्त्र परिणाम हो जुन पूर्ण हुने संघर्ष नै संघर्षमा जेलिएको छ ।



महोत्तरीको गौरीडाँडामा रहेको यो घरको मालिक्नी हुन् मञ्जु खड्का । उनै खड्काको सपना जोडिएको यो घरको कथा थाहा पाउन भने २०६८ सालमा फर्कनुपर्छ। २०६८ सालमा चिनेजानेका र गौरीडाँडामै बस्ने विष्णु कार्कीले खड्कालाई राम्रो जग्गा भएको र भविष्यमा महँगोमा बिक्री हुने लोभ देखाएर सिन्धुली रोड छेउको नै २ कठ्ठा जगा देखाए ।

सुन, गरगहना बेचेर जग्गा किन्न तयार भएपछि कार्कीले गौरीडाँडाका नै अर्का व्यक्ति ललित सुनुवार भन्नेलाई भेट गराए । पैसाको कारोबार सुनुवारसँगै हुने र कागज पनि उनैले बनाउने भएपछि खड्का जग्गा किन्न तयार भइन् । कागज सुनुवारले नै बनाए । २०६८ मंसिर ४ मा बनाइएको कागजमा जग्गा दलाल विष्णु कार्की पनि साक्षी बसेको देखिन्छ । कागजमा २ कठ्ठा नै भनेर उल्लेख गरिएको छ ।

कार्कीसँगै अवतार लामा, मोहनबहादुर तामाङ, झलकमान दाहाल समेतले गौरीडाँडाका स्थानीय राजन भुजेलले बनाएको कागजमा हस्ताक्षरसमेत गरेका छन् । कागजी प्रक्रिया पूरा भएपछि पैसा बुझाउन बैंकमा पुग्दा भने खड्का तीनछक्क परिन् । पैसा कारोबारको अन्तिम चरणमा आफ्नो जग्गा भएको भन्दै बर्दिवास बिजलपुरातिरका सुधिर लामा दाबी गर्न आएपछि सुनुवार र कार्की पछाडि हटे ।

ललित सुनुवारको नामबाट कागज बनेर बिस्वस्त बनेकी खड्का एकाएक अर्को जग्गाधनी खडा भएपछि के गर्ने भन्ने अल्लमल्लमा परिन् । त्यसपछि उनले सुधिरलाई नै पैसा तिरिन् अनि लामाकी आमाको नाममा रहेको उक्त जग्गा कागजी प्रक्रियाबाट खड्काको स्वामित्वमा आयो । यतिन्जेलसम्म खड्काको साथमा २ वटा कागज बनिसकेको थियो ।

मुख्य जग्गाधनी भेटिएपछि खुसी बन्दै दलालहरूको षड्यन्त्रबाट बचेको सम्झँदै दंग परेकी खड्काको खुसी लामो समय टिक्न

बाकी पृष्ठ २.....

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### जनमत ठुलो कि संविधान ?

भदौ २३ र २४ को युवा विद्रोहपछि नेपालको राजनीतिक परिदृश्य फेरिएको छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी छिन् । उनको नियुक्तिमा संवैधानिक वैधताको प्रश्न पनि उठिरहेको छ ।

युवा विद्रोहपछि नेपाली राजनीतिमा जनमत ठुलो कि संविधान भन्ने बहस निकै पेचिलो र महत्वपूर्ण बनेको छ । यो परिस्थितिमा जनमत र संविधानको अन्तरसम्बन्धलाई गहिरोसँग विश्लेषण गर्नु अपरिहार्य भएको छ ।

लोकतन्त्रको मूल मर्म नै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहित हुनु हो । त्यसैले जनमतलाई संविधान भन्दा माथि राखेर हेर्नुपर्ने तर्कमा बलिया आधारहरु छन् ।

संविधान जनताको इच्छालाई व्यवस्थित गर्न बनाइएको एक दस्तावेज हो । जनता स्रष्टा हुन् भने संविधान उनीहरूको सिर्जना । सिर्जनाभन्दा स्रष्टा सदैव ठुलो र महत्त्वपूर्ण हुन्छ । जब संविधानले जनताको भावना, आवश्यकता र आकांक्षालाई सम्बोधन गर्न सक्दैन वा शासकहरूले संविधानको दुरुपयोग गरेर जनविरोधी काम गर्छन्, तब जनता सडकमा उत्रिन्छन् ।

संविधान निश्चित समय र परिस्थितिमा लेखिएको हुन्छ । तर समाज र जनताका आवश्यकता गतिशील र परिवर्तनशील हुन्छन् । यदि संविधानले समयको गतिलाई आत्मसात् गर्न सकेन भने त्यो अप्रासंगिक बन्न पुग्छ । आन्दोलनमा प्रकट हुने जनमतले त्यही जीवन्त समाजको बदलिँदो इच्छालाई प्रतिनिधित्व गर्छ ।

नेपालको इतिहासमा २००७, २०४६, २०६२/६३ र २०८२ का जनआन्दोलनहरूले यही सत्यलाई स्थापित गरेका छन्, जहाँ जनताको शक्तिले तत्कालीन संवैधानिक व्यवस्थालाई नै परिवर्तन गरिदिएको छ।

सरकारको शक्ति केवल कानुनी प्रावधानमा मात्र होइन, सामाजिक आदर्श र नैतिक आधारमा पनि टिकेको हुन्छ । जब शासकले जनताको विश्वास गुमाउँछ, उसले शासन गर्ने नैतिक अधिकार पनि गुमाउँछ । आन्दोलनमा उर्लिएको विशाल जनमतले शासकको नैतिक वैधता समाप्त भएको घोषणा गर्छ। यस्तो अवस्थामा संविधानका धारा देखाएर शासनमा टिकिरहन खोज्नु राजनीतिक रूपमा बेइमानी हुन्छ।

# भू-माफियाहरूको षड्यन्त्रको चक्रब्यूहमा ................

सकेन । '८ लाखमा मोलमोलाइ भएको उक्त जग्गाबाट आएको पैसा दलालद्वय कार्की र सुनुवारले नपाएपछि पुनः अर्को जग्गाधनीको जन्म गराइयो,' खड्काले भनिन्, 'अहिले विवाद नै विवादमा जेलिएको छु, सुनिदिने कोही पनि भएनन् ।'नियमपूर्वक कागजी प्रक्रियाबाट आफ्नो स्वामित्वमा आएको उक्त जग्गामा खड्काले पक्की घर बनाउन पिलर उठाएकी थिइन् । तर सिन्धुली झाँगाझोली घर भएका दीर्घराज श्रेष्ठका आफन्त र छोराहरूले एक्कासि घर बनाउन हस्तक्षेप गरे । '

एकदिन उनीहरू आएर मेरो घरको पिलर डोज र लगाएर भत्काए,' पीडित खड्काले भनिन्, 'मेरो पक्षमा बोलिदिने कोही भएन ।'यसरी एउटै जग्गामा ३ जना जग्गाधनी खडा भएपछि खड्का अहिले न्यायका लागि हारगुहार गरिरहेकी छन् ।

स्थानीयहरू भन्छन्, दीर्घराज श्रेष्ठले पनि त्यो जग्गा किनेका हुन् । त्यसो हुँदा दुवै जना पीडित हुन्, उनीहरू भू-माफियाहरूको षड्यन्त्रमा परे । कागजअनुसार २०४२ साउन २१ गते खड्काले किनेको २ कठ्ठा जमिनमध्ये लालबहादुर लामाले गोबिन्द राजवंशी र हरिबाबु कार्कीलाई १-१ कठ्ठा बेचेको देखिएको छ ।

छुट्टाछुट्टै नाममा रहेको १-१ कठ्ठा २०४७ मंसिर २० मा जयन्ती स्याङ्तान तामाङले हरिबहादुर कार्कीसँग लिएको अर्को कागजसमेत देखिन्छ । नियमअनुसार तामाङले कार्कीले हकभोग गरेको १ कठ्ठा जग्गा मात्र पाएका छन् ।

तर सोही कागजको आधारमा तामाङका छोरा सुधिरकुमार लामाले पीडित खडकासँग २०६८ मंसिरमा २ कठ्ठाको अर्को कागज बनाएर बेचेको आधारहरू फेला परेका छन् ।तर गोबिन्द राजवंशीले २ कठ्ठामध्ये १ कठ्ठा झाँगाझोली सिन्धुली बस्ने दीर्घबहादुर वैधलाई नै बेचेको कागजमा उल्लेख छ । अहिले खड्का र वैधको विवाद सिर्जना हुने गरी दलालहरूले २ कठ्ठा नै जग्गा किन जालसाजी गरेर कागज बनाए भन्ने चर्चाको विषय बनेको छ ।

'खडकालाई २ कठ्ठा जमिन भएको भनेर कागज बनाउने र त्यसमा संलग्न हुने सबै दोषी हुन् । यसको विषयमा गम्भीर छलफल हुनुपर्छ,' पूर्व नगरप्रमुख बिदुर कार्कीले भने, 'अदालतले नै निर्णय गरेको भए पनि वडाले त्यस्ता सिफारिस दिँदा विचार पुऱ्याउनुपर्थ्यो ।' स्थानीयहरूले २ कठ्ठा जग्गा भनेर खड्कालाई जालसाजी गर्ने विष्णु कार्की भनिने व्यक्तिबाट अनुसन्धान सुरु गर्नुपर्ने बताउँदै आएका छन् ।

जग्गा दलाल कार्कीको माध्यमबाट ललित सुनुवारले आफ्नो जग्गा भनेर बनाएको २ कठ्ठाको कागज र सुधिर भनिने व्यक्तिले आफ्नो जग्गा भनेर बनाएको कागज अहिले खड्कासँग सुरक्षित छ । 'सोच्दै नसोचेको अर्को पात्र दीर्घराज भन्ने व्यक्ति मैले किनेको २ कठ्ठा जमिनमा पुनः दाबी गर्न आएका छन् । अहिले भूमि आयोगले ३५ दिने सूचना प्रकाशित गरेर लागत संकलन गर्न भनेको छ तर वडाले विवादित भनेर सिफारिस नै दिँदैन,' खडकाले भनिन् ।

# फेरि खास्टो खोलेर म्याउँ ...............................

सरकार गठन गर्ने कानूनी कुराहरूबारे छलफल भयो र शुक्रवार नयाँ प्रधानमन्त्रीले शपथ खानुभयो। यति छिटो सत्ता परिवर्तन कहाँ हुनसक्छ होला !

यहाँनिर एउटा स्मरणीय कुरा के छ भने, युवाहरूको रोजाइमा देशले पहिलो महिला प्रधानमन्त्री पायो। यो निर्णय, महिला नै हुनुपर्छ भनेर भएको होइन, संकटको घडीमा युवाहरूको आड, भरोसा र विश्वास लिएर देश अगाडि बढाउन सक्ने नेतृत्वमा उहाँ छानिनुभो।

मुलुक यस्तो संकटबाट गुज्रिरहेको बेलामा अगाडि बढ्न दिने कि, अझै पनि मेरो गोरुको बाह्रै टक्का गर्दै शान्ति खलबल्याउन अघि सर्ने ? नेताहरूलाई त परेको बेलामा सेनाले कुखुराले चल्ला च्यापे झैं गरेर बचाउन लगिहाले, सर्वसाधारणको पीडा महसुस गरेका छौ ?

रातिको १० बज्ने बेलामा अगाडिको घरमा लागेको आगोको झिल्काले आफ्नो घर जल्ला र मरिएला भनेर चोकमा आएर बस्नेहरूको मनस्थिति महसुस गरेका छौ ? कति जनाले हाड घोटेर कमाएको सम्पत्ति तिमी नेताहरूको छिमेकी भएको कारणले वा पार्टीमा लागेकै कारणले मात्र पनि जलाएर नाङ्गेझार बनाइदिएको त लुकेर बसेको कुनाबाट हेर्दै बसेका थियौ होला !

कमसेकम अब अन्तरिम सरकारलाई चुनावसम्म काम गर्न दिन सक्दैनौ ? राजावादीहरूले, 'राष्ट्रपतिलाई सेनाले तुरुन्तै अपदस्थ गरेर आफ्ने हातमा लिनुपर्थ्यो' भन्दै अन्तर्वार्ता समेत दिएको तिमीहरूको कारणले होइन ? सेनालाई त धेरै धन्यवाद दिनुपर्छ जसले, पोल्टामा आइसकेको सत्तालाई सहजीकरण गर्दै फेरि जनतालाई नै फिर्ता दियो।

तिमीहरूले जोडेको कुवेरको ढुकुटीले कोही घाइतेलाई सहयोग गर भनेर बोल्यौ ? आफ्नो काख रित्याएका नवयुवाहरूको परिवारसँग माफी माग्यौ ?

यो लेखुन्जेलसम्म ७२ जनाको मृत्यु भएको खबर आइसकेको छ। सरकारका जिम्मेवारहरू त हेलिकप्टर चढेर भागे, आफ्नो आदेशले मारिएका परिवारसँग आँखा मिलाएर गल्तीको लागि माफी माग्नुपर्दैन ? अझै पनि पनि युवा पुस्ताको स्वतःस्फूर्त आन्दोलनलाई अनेक आरोप-प्रत्यारोप गर्दै खास्टोबाट मुख निकाल्दै म्याउँ गरिरहने ?

त्यस्तै हुती भए आगामी चुनावमा बहुमत ल्याएर देखाइदिनू नि ! सहादत हुनुभएका 'जेन-जी' पुस्ताका प्रत्येक नवयुवाप्रति माफी माग्दै, यहाँहरूको आत्माको चिरशान्तिको कामना गर्दछु।

कमसेकम, यो समयमा कसैको कार्यकर्ता भएर होइन, जनता बनेर अगाडि आउनुस् र सकेको सहयोग गर्नुहोस् ! हालको अन्तरिम सरकारको टीम र नवयुवाहरूलाई अनेक लाञ्छना लगाएर होइन कि, उहाँहरूले गर्न लाग्नुभएको राम्रा कामको प्रशंसा र गलत भए आलोचना गर्नुहोस् !

जबसम्म यहाँहरू जनता मात्रै भएर बाँच्न सक्नुहुन्न, तबसम्म ठिक र बेठिक छुट्याउन गाह्रो हुन्छ। 'जेन-जी'हरू पनि वाचडगको रूपमा चनाखो भएर बस्नुहोस! हुनत, यहाँहरूको यति ठूलो नेटवर्किंग, जागरुकता र देशप्रतिको माया देखेर, हाम्रो पुस्ताले सिकाउनुपर्ने जस्तो लाग्दैन तर पनि, आमा पुस्ताको बानी छाड्न नसकिने रहेछ !

सबैभन्दा महत्वपूर्ण कुरा ती हत्यारा र भ्रष्टाचारीलाई कारबाही हुनैपर्छ। अहिले, सरकारलाई असहयोग गर्न एकजुट हुन लागेका ती समूहहरूले, फेरि सत्तामा फर्किउँला र छुट पाउँला भन्ने सोचेका होलान्, त्यस्तो हुन कदापि दिइनुहुन्न।












# फेरि खास्टो खोलेर म्याउँ नगर !

टक नेपाल

भदौ २२ गते आइतवार दिउँसोसम्म अनलाइनखबरको नियमित स्तम्भ लेख्न कुनै विषयमा आवश्यक सामग्री जुटाउँदै थिएँ। तर, जोसँग केही प्रश्न राखेकी थिएँ, जवाफ पाएकी थिइनँ। आफ्नै व्यस्तताले त्यो दिन लेख्न सकिएन। त्यतिबेला सरकारले सामाजिक सञ्जाल पनि बन्द गरिदिएको रन्कोले धेरैलाई तताइराखेको थियो।

स्मरणीय छ, मन्त्रिपरिषद्को ९ भदौको निर्णयले 'एक साताभित्र सूचना तथा सञ्चार मन्त्रालयमा दर्ता गर्ने आह्वान गरिने र त्यसपछि दर्ता नगरेको सामाजिक सञ्जाल निष्क्रिय गरिने' भनेको थियो। त्यसपछि, यहाँ चलाइने २६ सामाजिक सञ्जालहरू क्रमशः निष्क्रिय पार्दै लगिएका थिए। सरकारलाई उक्त कदम चाल्न कुनै पनि कानूनी व्यवस्था नरहेको र त्यसले अभिव्यक्ति स्वतन्त्रतामाथि असर पुग्ने सरोकारवालाहरूको धारणा रहेको थियो।

कोभिडको बेलामा घरमा थुनिनुपरेको थियो। त्यतिबेला सूचनाको संसारबाट निकालेर हाम्रो जीवन बन्दी बनाइदिएका छन्। 'सामाजिक सञ्जाल बन्दलाई सपोर्ट गर्नेलाई राष्ट्रवादीको मान भिराइयो; विरोध गर्नेहरू अराष्ट्रवादी भए' भन्दै रोष प्रकट गरेकी थिएँ।

मुलुकका तत्कालीन प्रधानमन्त्रीले आफ्नो क्षुद्र बोलीमा लगाम लगाएनन्। नेकपा एमालेको विधान महाधिवेशन ललितपुरको गोदावरीस्थित सनराइज हलमा आइतवार उनले बुद्धिजीवीहरूलाई सुनाउँदै भने, 'म चीन गएर हाम्रो भूमि लिपुलेक, लिम्पियाधुराबारे कुरा उठाएँ, अडान राखें तर यो बुद्धिजीवीहरूले देखेनन्, यसबारे यहाँ कुरा उठाएनन्, ... दर्ता गर्न नआएका सामाजिक सञ्जाललाई दर्ता गर्न आऊ भनेर सरकारले भनेको विषयलाई सामाजिक सञ्जाल बन्द गर्‍यो भनेर प्रचार गरेका छन्।'

अझ चर्किंदै भने, 'एक वर्षदेखि सामाजिक सञ्जालहरू नेपालको कानून अनुसार दर्ता हुनुपर्छ भन्दा तिमीहरूको संविधान थाहा छैन भनेर अटेरी गने ? सामाजिक सञ्जाल दर्ता गर्न आऊ भन्दा ४ जनाको जागिर खोसियो अरे! ४ जनाको जागिर ठूलो कि राष्ट्रिय स्वाभिमान ?' खासमा, नियमनको विरोध कसैले गरेको थिएन; एकैपटक निषेध गरिनुहुन्न भन्ने माग थियो।

एक्काइसौं शताब्दीमा सूचनाको बलि चढाऊ भनेर कसले मान्दो हो ? फेरि अगाडि पुगिसकेको समयलाई पछाडि फर्काउन सहज हुन्छ ? त्यो कुरा दम्भले भरिएको व्यक्तिले कसरी बुझ्ने ?

अझ, उनका सल्लाहकार, चाटुकारहरूले त शायद आँखा र कान नै बन्द गरिदिएका थिए कि ? कतिपय घरका ज्येष्ठ नागरिक फेसबुकको फोटो हेरेर आफ्ना छोराछोरीलाई सम्पर्क गर्थे ! लेख्न/पढ्न नआउनेहरू, 'नानी/बाबु, तिम्रो फोटो फेरेछौ, कसरी कुरा गर्ने ?' भन्थे ! कति घरमा वृद्ध आमाबाबु मात्रै छन्; दिनको एकपटक मेसेन्जरबाट भिडियो कल गरेर नाति/नातिना देखेर रमाउँथे ! कतिको रोजगारी सामाजिक सञ्जालबाट नै चलेको तियो। त्यो पर्वाह गरेनन्; बरु, 'पुतली' को कथा सुनाए।

उनले भने, 'फूलको रस खाएर पुतली झुम्म परेर निदाएपछि सपनामा मानिस बनेको देखेछ। डाक्टर, इन्जिनियर, मन्त्री बनेको, गाडी चढेर हिंडेको देख्यो। केही समयपछि झल्यास्स ब्युँझियो- उसलाई दिग्भ्रम भएछ- म पुतली हुँ कि मान्छे ? बुद्धिजीवीहरू मानिस हुन् कि पुतली भन्ने भ्रममा बाँचिरहेका छन्।'

क्षुद्रताले पराकाष्ठा नाघेकै थियो। दम्भ र भ्रष्टाचारको लेखाजोखा पनि पार्टीका केही सीमित सदस्यहरूलाई छाडेर अरूले पनि राखेकै थिए। शायद, मर्ने बेला छिचिमिराको प्वाँख पलाउँछ भन्ने उखान चरितार्थ हुँदैथियो।

मुलुक यस्तो संकटबाट गुज्रिरहेको बेलामा अगाडि बढ्न दिने कि, अझै पनि मेरो गोरुको बाह्रै टक्का गर्दै शान्ति खल्बल्याउन अघि सर्ने ? नेताहरूलाई त परेको बेलामा सेनाले कुखुराले चल्ला च्यापे झैं गरेर बचाउन लगिहाले, सर्वसाधारणको पीडा महसुस गरेका छौ ?

सन् २०१० को डिसेम्बरमा ट्युनिसियामा प्रहरीको दुर्व्यवहारले मोहमद बौजीजी नाम गरेका सडक व्यापारीले आफूले आफैंलाई मट्टीतेल छर्किएर आगो लगाएपछि सडकमा ओर्लिएका युवाले २३ वर्ष अविच्छिन्न राज गरेका राष्ट्रपति जिन अल अबादिन बेन अलिलाई सन् २०११ को जनवरीमा देश नै छाडेर भाग्नुपर्ने स्थिति बन्यो। शायद, दलीय भागबण्डामा रमाउनेहरूले यो कुरा बिर्सिए।

त्यसपछि पनि विभिन्न देशमा युवाहरू सडकमा ओर्लिएर गरेका प्रदर्शनहरू आँखामा सत्ता र शक्तिको पट्टी लगाएर बसेकाहरूले बिर्सिए। तर, ट्युनिसियाकै उदाहरण दिएको कारणचाहिं, त्यो प्रदर्शन सामाजिक सञ्जालकै सूचना प्रवाहको कारणले भएको थियो।

'जेन-जी' पुस्ताले सोमवार ११ बजे माइतीघरमण्डलामा प्रदर्शन गने कार्यक्रम राखेको सूचना केही सामाजिक सञ्जालमा नै पढियो; तर, फेरि कुनै समूह नै जेन-जी भनेर ९ बजेदेखि नै माइतीघरमा जम्मा हुन थालिसकेका थिए। उनीहरूको उद्देश्य, शृङ्खलाबद्ध भ्रष्टाचारको विरोध र सरकारको नयाँ नियम अन्तर्गत दर्ता हुन नआएका फेसबुक, एक्स (ट्विटर), युट्युब, इन्स्टाग्राम, ह्वाट्सएप सहित २६ प्रमुख सामाजिक सञ्जालहरूमाथि सरकारले प्रतिबन्ध लगाएपछि यो आन्दोलन देशव्यापी रूपमा शुरु भयो।

सोही दिन एउटा पारिवारिक जमघटमा थिएँ। त्यहाँ उक्त दिनको प्रदर्शनमा केही अप्रिय घटना घट्ला कि भनेर चासो राख्नेलाई दाबाका साथ भनेकी थिएँ, भर्खरै नियुक्त हुनुभएको प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङले त्यसो नगर्नुहोला ! तर, उहाँले त सबै भ्रम तोडिदिनुभयो। जम्माजम्मी केही महिनाको लागि प्रहरी महानिरीक्षक हुनुहुने उहाँले, आफ्ना क्याडरहरूलाई यति पनि भन्न सक्नुभएन कि, ती आतंककारी होइनन्, पानीका फोहोराले हटाउन खोज; नभए अश्रुग्यास फ्याँक, त्यतिले नभए हवाई फायर गरेर तर्साऊ ! त्यसले पनि भएन भने, पहिले चेतावनी दिएर मात्रै, घुँडामुनि गोली हान।

नवयुवा, जसले आफूहरूलाई 'जेनजी' नामकरण गरेका छन्, उनीहरूको समूह माइतीघरबाट संसद् भवनतिर बढ्यो; कुनै तरिकाले चलेको/चलाइएको सामाजिक सञ्जालबाट के-के भइरहेछ भन्ने चासो रहिरहेकै थियो। जब, युवाहरू नयाँबानेश्वरस्थित संसद् भवनतिर लागे कौतूहल बढ्दै गयो। उनीहरू त्यहाँ पुग्दासम्म उनीहरूको समूह देखेर आश्चर्य भने पक्कै लागेको थियो; कसरी यतिका नवयुवा जम्मा हुनसकेका होलान् भनेर !

उनीहरू बानेश्वरतिर लाग्दा बाटोमा पानीको फोहोरा हानियो; अश्रुग्यास फालियो। उनीहरू वास्ता नगरिकन शान्तिपूर्वक र्‍यालीमा सहभागी भैरहे।

संसद् भवन अगाडि पुगेर उनीहरूमध्ये केहीले दुवै हात माथि उठाएर उभिएको दृश्य पनि देखियो। उनीहरूसँग हतियार थिएन। गोलीगट्ठा थिएन। ढुंगामुढा बोकेका थिएनन्। उनीहरूमाथि सुरक्षाकर्मीले हतियार नउठाउन भनेर, उनीहरूमध्ये धेरै त स्कूल ड्रेसमा थिए। तर, एक्कासी शान्तिपूर्ण प्रदर्शनमा कताबाट को घुस्यो, संसद् भवन भित्र पस्न बल प्रयोग हुन थाल्यो। कसैले, संसद भवन कम्पाउण्डको भित्ता फोड्न थाले।

सामाजिक सञ्जालमा तुरुन्तै, उनीहरूले आफ्ना साथीहरूलाई फर्कन आह्वान गर्न थाले। तर, त्यहाँको तोडफोड रोकिएन। प्रहरीले जता पायो उतै ताकेर गोली हान्न थाल्यो। ती कलिला विद्यार्थीको घाँटी, मुटु, छाती जताततै गोली लाग्न थाल्यो। ६ घन्टाको बीचमा १९ जनाको हत्या भयो।

हो, त्यो मृत्यु होइन, हत्या नै थियो। त्यो सत्ताको बर्बरता थियो। आफूभन्दा दुई पुस्ता तलकाले केही गर्न सक्छन् भन्ने कल्पनासम्म नगरेकाहरूले, जसरी भए पनि सत्ता र शक्तिमै रहिरहन गरेको निर्दयीपनको हद थियो।

उफ् ! न सोच्न सकियो; न त, रोक्ने सामर्थ्य नै थियो। आफू पनि सन्तानको आमा भएको यो मनले त्यो असह्य पीडालाई पचाउनै सकेन। बारम्बार फेसबुकमा लेखिरहें, 'केटकेटीमाथि अन्धाधुन्ध गोली चलाउन कसरी सकेको, स्टप !' 'स्टप योर ब्रुटालिटी !'

आक्रोश र पीडाले असहाय भएको मन र मस्तिष्क स्तब्ध भएको थियो। फेरि लेखें, 'हिजो पुतलीको कथा; आज १२ वर्षकालाई समेत गोली ! के बिगारेको थियो त्यो १२ वर्षको बच्चाले !' सामाजिक सञ्जालमा १२ वर्षको बच्चालाई गोली लाग्यो भनेर कसैको पोस्ट देखेपछिको विक्षिप्त मनस्थितिको असहायपन थियो त्यो अभिव्यक्ति।

कमसेकम, यो समयमा कसैको कार्यकर्ता भएर होइन, जनता बनेर अगाडि आउनुस् र सकेको सहयोग गर्नुहोस् ! हालको अन्तरिम सरकारको टीम र नवयुवाहरूलाई अनेक लाञ्छना लगाएर होइन कि, उहाँहरूले गर्न लाग्नुभएको राम्रा कामको प्रशंसा र गलत भए आलोचना गर्नुहोस् !

प्रदर्शनको दुइटा दृश्यले सिरिंग बनायो; फेरि लेखें, 'कर्फ्युले केही दिनको समस्या समाधान होला; सत्तामा टिकिरहन पाइएला !' तर, हिजोको दुइटा दृश्यको सम्झना छ ? पहिलो, छाती थापेर सेनाको ट्रकको अगाडि पुगेका/ट्रकको मुनि सुतेका ती युवाहरू। दोस्रो, छाती र अन्यत्र लागेको घाउ (गोलीको ?) मा पट्टी बाँधेर फेरि घटनास्थलमा आएर ऊर्जाका साथ भाषण गर्ने ती युवा।

तिनै हुन् 'जेन-जी पुस्ता' जो विसंगति विरुद्ध लड्न अगाडि आएका छन्। तिनका आँखामा हेर ! तर, शासकहरूलाई सत्तामा टिकिरहन्छु भन्ने भ्रम थियो। शासकका आउरेबाउरेले मुखैमा भने, अनि सरकारले नगर भनेको कुरा गरेपछि सरकार चुप लागेर बस्छ त ?

६ घन्टाभित्र १९ जनाको हत्या गरियो। त्यो हत्या नै थियो, किनकि ती नवयुवाहरू स्कूलको ड्रेसमा हात उठाउँदै हाँसी-हाँसी अगाडि बढिरहेका थिए। उनीहरूले केही बिगारेका थिएनन्।

'जेन-जी' को भीडमा मौकापरस्तहरू घुसे, उनीहरूले भेउ पाउने बित्तिकै आफ्ना साथीहरूलाई फर्कने आह्वान पनि गरेका हुन्; तर, आन्दोलन अर्कैको हातमा पुगिसकेको भान भयो।

बिचमा घुस्नेहरू को को थिए, त्यो त समयले बताउँदै जाला तर, दोस्रो दिन ठूलो विध्वंस भयो। कर्फ्यू तोड्दै टोल-टोलबाट जुलुस निस्कियो। सिंहदरबार जल्यो। सर्वोच्च अदालत जल्यो। थुप्रै सरकारी सम्पत्ति ध्वस्त भए। नेताहरू थुप्रैका घर जले, नेताका नामसँग जोडिएका घर मात्रै होइन; स्कूल, होटल, व्यापारिक स्टोर समेत जले।

सर्वसाधारणलाई त्यसरी सम्पत्ति नाश भएकोमा पीर देखिएन; उनीहरू त ठिक्क पर्‍यो ! को भाकामा रमाएर भिडियो खिच्दै पोस्ट गरिरहेका देखिन्थे। त्यति मात्रै होइन, टिकटकमा पोस्ट भएका भिडियोहरूमा 'फलानाको घरमा पनि जाओ !

त्यो पनि भ्रष्टाचारी हो। त्यसको घर पनि जलाउनुपर्छ' भन्दै आफ्नो आक्रोश पोखिरहेका थिए।

यो दिन, यत्तिकै आएको थिएन। तीस वर्षदेखिको राजनैतिक र नीतिगत भ्रष्टाचारले नेताहरूले थुपारेका अकुत सम्पत्ति, देश र जनताको दिन-प्रति-दिनको समस्या समाधान नहुँदा भोगेको नैराश्यता, देशमा रोजगारी सिर्जना नहुँदा घर-घरबाट खाडी, कतार, मलेशिया पुग्नुपर्दाको पीडा सबै समेटिएको थियो।

कारको झ्यालबाट बाहिर हेर्दा देखिएको दृश्यलाई आकलन गरेर सर्वसाधारण सुखी भएको देख्ने ती नजरहरूले भुइँमान्छे, जो हरेक दिनको श्रमले पेट पाल्छन्, उनीहरूको पीडा कहिल्यै बुझेनन्। कसैले, ती कुराहरू भन्ने साहस गर्दा, उनीहरू सत्ता विरोधीमा दरिए। आफूहरू, आफ्ना र आफ्ना धुपौरेहरू बाहेक सत्ता अरूको पहुँचमा नै भएन।

भदौ २४ गते मंगलवार नेताहरूको घर जलाइएको र देउवा दम्पतीमाथि गरिएको आक्रमण देखेर सन् २०१० मा टम हूपरले बनाएको चलचित्र, 'लेमिजराबेला' (ꠀभक ःष्कभचबदभिक) हेरेको याद आयो, जुन १९औं शताब्दीमा भएको फ्रान्सेली क्रान्तिमा आधारित थियो।

मन दुख्यो, एउटा वृद्ध अवस्थाको व्यक्तिलाई त्यसो गरिन हुन्नथ्यो। देशको बहालवाला परराष्ट्र मन्त्रीको पदमा रहिरहेको, पटक-पटक हिप सर्जरी समेत गरेको महिलालाई त्यसरी पिट्न हुन्नथ्यो।

तर, दुइटै हातमा खुकुरी नचाउँदै गएको त्यो क्रुद्ध भीडसँग प्रहरी र सेनाको त केही लागेन भने, अरू गएकै भए पनि कसरी जोगाउन सक्थे होलान् र ! धन्न २/४ जनामा मानवीयता रहेछ र ज्यान गएन। अरू भीड त रमाएको थियो; हौस्याउँदै थियो। किनकि, उनीहरूसँग चरम नैराश्यता भरिएको थियो। अझ, घरभित्रको पैसा र अन्य कुराहरू देखेपछि, कसको मनमा सहानुभूति जाग्यो होला र !

त्यो दृश्य हेरिरहँदा मनमा धेरै प्रश्न खेले, आखिर एउटै भएको छोरा त आपत् परेको बेलामा काम लागेनन् ! पैसा र सम्पत्ति त उनकै लागि जोडिदिएको होला ! कति मान्छेहरूले त्यो परिवारबाट लाभ उठाए होलान् ! को काम लाग्यो त ? सत्ता र शक्तिको अतिमोहबाट टाढा हुन नसक्दा, अब छोराको समेत भविष्य के होला ? अझ पूर्वप्रधानमन्त्री झलनाथ खनालकी पत्नीलाई त घरभित्र हुँदै आगो लगाइदिए।

सबैभन्दा महत्वपूर्ण कुरा ती हत्यारा र भ्रष्टाचारीलाई कारबाही हुनैपर्छ। अहिले, सरकारलाई असहयोग गर्न एकजुट हुन लागेका ती समूहहरूले, फेरि सत्तामा फर्किउँला र छुट पाउँला भन्ने सोचेका होलान्, त्यस्तो हुन कदापि दिइनुहुन्न।

उपरोक्त सबै घटनाहरू अमानवीय थिए; त्यसलाई ठीक हो भनेर कसैले पनि समर्थन गर्नुहुन्न। तर, सर्वसाधारणमा किन त्यति धेरै आक्रोश बढेको रहेछ भनेर ध्यान दिनैपर्छ।

मान्छे मार्नु कहिल्यै पनि ठिक होइन, अझ त्यो पनि नेपाल जस्तो मानवअधिकारको पक्षधर भएको देशमा। न त, कसैको निजी निवास, व्यापारिक भवन र सरकारी सम्पत्ति स्वाहा पार्नु संवैधानिक प्रक्रिया हो। अब अहिले आएर, फेरि द्वन्द्व फैलाउन खोज्नु त झनै समय र देशलाई पछाडि धकेल्ने बाटो हो। १० वर्षको अवधिमा केवल तीन जनाको बीचमा प्रधानमन्त्रीको कुर्सीमा बस्न म्युजिकल चेयरको खेल भइरहेको थियो। इतिहासले पनि पत्याउन गाह्रो बनाउने गरी सा परिवर्तन भयो।

सोमवार शान्तिपूर्ण प्रदर्शनको आह्वान गरियो। मंगलवार, जताततैको अराजक गतिविधिले विषम परिस्थितिको अवस्था खडा गर्‍यो। बुधवार, सामाजिक डिस्कर्ड लगायतका सामाजिक सञ्जालबाट अन्तरिम सरकारको प्रधानमन्त्री कसलाई बनाउने भनेर भोट गरियो। बिहीवार,

बाकी पष्ठ २......







### सम्पर्कमा नआउने
# कैदीबन्दीलाई थप पाँच वर्ष कैद

• टक नेपाल

कारागार कार्यालय गौर रौतहटबाट भागेका कैदीबन्दी आफै सम्पर्कमा नआए तोकिएको सजायमा थप ५ वर्ष कैद सजाय हुने भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले मङ्गलबार सूचना प्रकाशन गर्दै भदौ २४ गते कारागार कार्यालय गौर, रौतहटबाट भागि फरार भएका कैदीबन्दीहरु कतिपय सम्पर्कमा आएको र अन्य कैदीबन्दी सम्पर्कमा नआएको हुँदा नजिकको प्रहरी कार्यालय वा कारागार कार्यालय गौर, रौतहटमा सम्पर्क राख्न अनुरोध गरेको छ । प्रहरी वा कारागार कार्यालयको सम्पर्कमा नआई भागेकालाई कारागार ऐन २०७९ को दफा ४९ को (ग) बमोजिम तोकिएको सजायमा थप ५ वर्षसम्म कैद सजाय हुने जिल्ला प्रहरी कार्यालय रौतहट का प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो ।

जेनजी प्रदर्शनको क्रममा सुरक्षा व्यवस्था फितलो हुँदा कारागार कार्यालय गौरबाट भदौ २४ गते राति २ सय ६० कैदीबन्दी फरार भएका थिए । फरार कैदीबन्दीमध्ये २ सय ११ जना अझै फरार रहेको कारागार कार्यालय गौरका प्रमुख मनीष भाले जानकारी दिनुभयो ।

भदौ २४ पछि कारागार कार्यालयको सुरक्षा नेपाली सेनाले गरिरहेको छ । कारागार कार्यालय कै सुरक्षा प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय रौतहटले गौरमा पूर्वमा नेपाल लज, पश्चिममा गौर घन्टाघर, उत्तरमा कृषि ज्ञान केन्द्र र दक्षिणमा जुद्ध उच्च मावि सम्म निषेधाज्ञा जारी राखेको छ ।

### सप्तरी डिभिजन वन कार्यालयमा
# आगजनी र लुटपाट, मालसामान फिर्ता गर्न आग्रह

• टक नेपाल

जेनजी आन्दोलनका क्रममा सप्तरीको राजविराजस्थित डिभिजन वन कार्यालयमा भएको आगजनी, तोडफोड र लुटपाटप्रति कार्यालयले गम्भीर ध्यानाकर्षण जनाएको छ।

कार्यालयका अनुसार आन्दोलनका क्रममा विभिन्न व्यक्तिले कार्यालयभित्र रहेका जिन्सी सामान, सरकारी कागजात, फर्निचरलगायतका सामग्री लुटपाट गरी लगेका छन्। सो क्रममा कैयौं व्यक्तिले सामग्री बोकेर लैजाने दृश्य भिडियो र तस्वीरका माध्यमबाट प्रमाणित भएको पनि कार्यालयले जनाएको छ।

यस सम्बन्धमा डिभिजन वन कार्यालय सप्तरीले सोमबार सूचना जारी गर्दै चोरी वा लुटपाटमा संलग्नले तत्काल मालसामान फिर्ता गर्न आग्रह गरेको छ। सूचनामा भनिएको छ, "कार्यालयमा रहेका सम्पूर्ण मालसामान चोरी गरी लगिएको पुष्टि भएकाले ती सामग्री तत्काल फिर्ता गरिदिनुहुन अनुरोध गर्दछौं। अन्यथा प्रचलित कानुन बमोजिम आवश्यक कारबाही अगाडि बढाइनेछ।"

उक्त सूचना डिभिजनल वन अधिकृत सुभाष चन्द्र दासको हस्ताक्षरसहित सार्वजनिक गरिएको हो।

### जनमत पार्टीले मधेसका
# सभामुखलाई बुझायो मुख्यमन्त्री फिर्ता बोलाएको पत्र

• टक नेपाल

जनमत पार्टीले मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई सरकारबाट फिर्ता बोलाएको पत्र त्यहाँका सभामुख रामचन्द्र मण्डललाई बुझाएको छ ।

जनमत पार्टीका मधेस प्रदेश सभा संसदीय दलका नेता महेश प्रसाद यादवले सभामुखलाई पठाएको पत्रमा मधेस सरकारलाई दिइको समर्थन फिर्तासहित मुख्यमन्त्री र मन्त्रीलाई पार्टीले फिर्ता बोलाएको जानकारी मधेस प्रदेश प्रमुखको कार्यालयलाई भदौ २८ गते नै गराइसकेको उल्लेख छ । सोही अनुसार सदनमा जनमत पार्टीको व्यवस्थापनका लागि भन्दै सभामुखलाई संसदीय दलका नेता यादवले पत्र बुझाएका हुन् ।

सभामुख मण्डलले प्रदेश सभा सचिवालयका सचिवलाई उक्त पत्र दर्ता गरी आवश्यक कारबाहीका लागि निर्देशन दिएका छन् ।

### जलेश्वर कारागारको
# अवस्था दयनीय, क्षमताभन्दा तीन गुणा कैदी

• टक नेपाल




एक शताब्दीभन्दा लामो इतिहास बोकेका महोत्तरीको जलेश्वर कारागार जीर्ण बन्दै गएको छ । भौतिक संरचना जीर्ण हुँदासमेत यो कारागारले क्षमताभन्दा करिब तीन गुणा बढी कैदीबन्दी राख्दै आएको छ ।

जलेश्वर कारागारको क्षमता २०० जनाको हो । यस कारागारमा ५७६ जना कैदीबन्दी रहँदै आएका थिए । जेनजी आन्दोलनका क्रममा जेलबाट तीन जनाबाहेक सम्पूर्ण कैदीबन्दी फरार भए । तीमध्ये १७६ कैदीबन्दी फर्किएर आएका छन् ।

कारागारका प्रमुख अशोक कुमार क्षेत्रीका अनुसार वर्षामा डुबान हुने समस्या छ । भौतिक संरचना जीर्ण छ भने क्षमताभन्दा झण्डै तेब्बर कैदीबन्दा राख्नुपर्दा थप समस्या हुने उनको भनाइ छ ।

जेनजी पुस्ताको आन्दोलनमा भदौ २५ गते सुरक्षाकर्मीहरूलाई कब्जामा लिएर जलेश्वर कारागारका ५७६ मध्ये ५७३ कैदीबन्दी फरार भएका थिए । कारागारको तीन वटा फलामे गेटलाई तोडेर उनीहरू फरार भएका थिए । बाँकी रहेको तीन जना कैदीमध्ये एक जनालाई जिल्ला प्रहरी कार्यालय महोत्तरीमा राखिएको थियो भने दुई जनालाई कारागार प्रशासनको मातहतमा राखिएको थियो ।

फरारमध्ये कर्तव्य ज्यानको ३३, लागु औषधको ३३, सवारी ज्यानको १५, अपहरणको ३, बहुविवाहको ३, मानव बेचबिखन ४, जबर्जस्ती करणीका ३७, चोरी १४, डाँकाका ३, ठगीका २, लेनदेन २, बैंकिङ कसुर १, विदेशी रुपैयाँ अपचलनका १, हातहतियार खरखजानाका १, संगठित अपराधका १, आगलागी २, कुटपिट ४, अप्राकृतिक मैथुन २, ज्यान मार्ने उद्योगका १३ कैदीबन्दी थिए ।

मंगलबार यो समाचार तयार पार्दासम्म १६४ कैदीबन्दी आफैं जेल फर्केका छन् भने १० जना कैदीलाई भारतीय प्रहरीले सीमा क्षेत्रबाट नियन्त्रणमा लिइ नेपाल प्रहरीलाई जिम्मा लगाएका छन् । कारागार प्रमुख क्षेत्रीका अनुसार फरार रहेका बाँकीमध्ये पनि अधिकाश कैदीबन्दी कारागार प्रशासनको सम्पर्कमा आइसकेका छन् । उनले भने, 'सम्पर्कमा आएका कैदीबन्दीले दुईतीन दिनमा आफू फर्किने जानकारी गराएका छन् ।'

यसरी फर्किएका कैदीबन्दीलाई कानुनले नै राम्रो आचरणको आधारमा मूल्याङ्कन गरी कैद सजाय मिनाहा गर्न सक्ने व्यवस्था गरेका कारण पनि उनीहरू स्वेच्छाले नै कारागार फर्कन थालेको क्षेत्री बताउँछन् ।

क्षेत्रीका अनुसार फरार हुने क्रममा तीन वटा ग्रीलको गेटमा क्षति भएको छ भने ७ वटा सीसीटीभी चोरिएको छ । यस्तै प्रशासन फाँटको गेटमा क्षति भएको छ । यसबाहेक अन्य क्षति नभएको कारागार प्रमुख क्षेत्रीले बताए ।

उनका अनुसार वर्षा याममा कारागार डुबानको समस्या हुँदै आएकाले जलेश्वर नगरपालिकाको खैराचौरीमा रहेको सरकारी जग्गामा कारागार भवन निर्माण गरी जेल सार्ने योजना छ । यसका लागि सरकारी पहल हुनु आवश्यक रहेको उनले बताए ।

मधेस आन्दोलनको क्रममा मृत्यु भएका सुरक्षाकर्मी थमन विकको मुद्दामा सजाय पाएका पूर्वप्रदेश सांसद कारागारबाट फरार हुनेको सूचीमा छन् । उनी अहिलेसम्म सम्पर्कमा नआएको कारागार प्रमुख क्षेत्रीले जानकारी दिए ।

तीन तले पक्की संरचना रहेको यो कारागारमा १८ वटा कोठा र एक ठुलो हल छ । कैदीबन्दीका लागि १५ वटा शौचालय, खानेपानीका पाँचवटा कल र खानेपानी संस्थानले जडान गरेको एउटा धारा कारागारमा छ । मनोरञ्जनका लागि क्यारमबोर्ड, लुडो, व्याडमिन्टनजस्ता खेल सामग्री तथा पुस्तकालयको सुविधा पनि उपलब्ध छ । बिहान योग, साधना र तनाव व्यवस्थापन कार्यक्रम चलाउने गरिएको कारागारभित्र कैदीहरूले मुढा उद्योगमा काम गर्ने सुविधा पाएका छन् ।

स्थानीय ज्येष्ठ नागरिक योगेन्द्र प्रसाद चौधरीका अनुसार राणाकालमा राजद्रोह वा गम्भीर अपराध गर्नेहरूलाई खैरा चोकको दक्षिणी बगैंचामा फाँसी दिइन्थ्यो भने सामान्य अपराधीलाई कारागारमा राखिन्थ्यो ।

यस कारागारको क्षमता १३५ कैदीबन्दी थियो । २०५४ सालमा भएको निरीक्षणमै यहाँ १७५ जना कैदीबन्दी रहेको तथ्याङ्क छ । २०७९ फागुन २९ गते प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले गरेको अनुगमनमा १३५ पुरुष र ६५ महिला राख्ने क्षमताको कारागारमा ५४८ पुरुष, ४९ महिला र ९ जना आश्रित रहेको तथ्य फेला परेको थियो ।

महिला ब्लक जीर्ण भएकाले तत्कालीन निर्देशनअनुसार महिला कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गरी पुरुष ब्लकलाई विस्तार गर्ने काम भएको छ । त्यसअनुसार हाल यस कारागारको संशोधित क्षमता २०० पुरुष कैदी राख्ने बनाइएको छ ।

यद्यपि वास्तविकतामा यस कारागारमा हाल क्षमताभन्दा तीन गुणा बढी कैदी राखिँदै आएको छ, जसले व्यवस्थापनलाई थप चुनौतीपूर्ण बनाएको छ। ऐतिहासिक महत्त्व बोकेको यो कारागारमा आज संरचनागत जीर्णता, कैदीबन्दीको भिड र व्यवस्थापन संकटका कारण पुनः स्थानान्तरण वा आधुनिकीकरणको आवश्यकता देखिएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ
सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विधाका विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
४४-५५५५५




G.T.S. Mart Bardibas
Gautam trade & Suppliers




हामीकहाँ : दैनिक उपभोग्य सरसफाईका सामानहरू,होटलमा प्रयोग हुने समानहरू र पियपदार्थ पनि उपलब्ध छ ।
नोट: यहाँ हालसेल तथा खुद्रा सामान पाउनुका साथै यस मार्टमा होम डेलेभरी पनि सुविधा छ । मो.९८६३४३३६६७, ९७६३३४२७१७

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014